**Rigvedic Himalaya**
*Journal of Vedic Perspectives and Himalayan Cultures*
(A Peer-Reviewed, Open Access Journal; Indexed in NepJOL)
ISSN 3059-9431 (P), Vol. 2, December 2025
***Published by***
Mukta Foundation Pvt. Ltd., Pokhara
Email: info@muktafoundation.com.np URL:www.muktafoundation.com.np
*Copyright 2025© The Author(s). With permission of the concerned author(s), the publisher shall publish the articles for first edition. The journal is licensed under a Creative Commons Attribution-ShareAlike 4.0 International License.*
***DOI: https://doi.org/10.3126/jorh.v2i1.87045***

*Research*

# व्याकरणगत वैशिष्ट्य ऋग्वेदका मन्त्रहरूमा

**योगराज कण्डेल**
उपप्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय
***Corresponding Author***: yograjkandel5@gmail.com, https://orcid.org/0009-0006-6907-3197

***Submitted: 04 March 2025; Reviewed: 22 May 2025; Accepted: 29 Sep. 2025; Published 01 Dec. 2025***

**लेखसार**

*अनन्त कालदेखि निरवच्छिन्न रूपमा प्रवाहित हुँदै आइरहेको वाङ्मय परम्पराको पूर्व र पश्चिम दुवैतिर समृद्ध र सम्पन्न विरासत देखापर्छ । पश्चिमभन्दा पूर्व यस धारामा अझ फराकिलो र व्यापक छ । पौरस्त्य परम्परामा वैदिक वाङ्मय नै ज्ञान, विज्ञान, ऋषि, देवता, यज्ञ, युद्ध, भाषा, कला, साहित्य, इतिहास, आयुर्वेद, ज्योतिषलगायत सम्पूर्ण कुरामा भरिपूर्ण, अकाट्य र अपरिवर्तनीय ज्ञान राशिका रूपमा स्थापित भएको छ । तैत्तिरीयब्राह्मणमा **'अनन्ताः वै वेदाः'** भन्दै वेदको व्यापकता र अनन्तताको ख्यापन गर्ने आर्ष वाक्यहरूद्वारा पनि वैदिक वाङ्मयको महनीयतालाई पुष्टि गरेको देखिन्छ । वैदिक वाङ्मय पछ्याडिका सबै इतिहास, पुराण र स्मृति ग्रन्थहरूले वेदलाई नै अनुसरण गरेका छन् । सम्पूर्ण वाङ्मय परम्पराहरू भाषामा जीवन्त रहेका हुन्छन् । विशेष गरी पौरस्त्य वाङ्मय परम्परा भाषिक प्रयोगका दृष्टिले विविधतापूर्ण देखिए तापनि व्याकरणका दृष्टिले अत्यन्त परिनिष्ठित देखिन्छ । वैदिकपरम्परा हुँदै विकसित भएका इतिहास, पुराण, दर्शन, स्मृति, धर्मशास्त्र, आगम सबै भाषामा अडिएका छन् । यिनीहरू सबैको भाषामा परिनिष्ठितता भईकन पनि व्यापक भिन्नता देखापर्छ । संहिता, ब्राह्मण, आरण्यक र उपनिषद्मा प्रयोग भएको भाषा वैदिक भाषा हो । वैदिक वाङ्मय पछ्याडिका सबै आर्ष ग्रन्थहरू लौकिक भाषामा संरचित छन् । विभाजनका सन्दर्भमा वेदलाई ऋक्, यजुस्, साम, अथर्व भनी विभाजन गरिए तापनि यो विभाजन प्रतिपाद्य विषयवस्तु र संरचनागत आधारमा विभाजन गरिएको*

*देखिन्छ । भाषिक संरचना र व्याकरणिक नियमको पालना सबैमा समान रूपमा भएको छ । अध्ययनका क्रममा ऋग्वेदलाई सर्वप्राचीन वेद, समृद्ध वेद, ज्ञान विज्ञानले भरिपूर्ण वेद भन्दै गर्दा ऋग्वेद नै वैदिक संहिताको समष्टि उद्घोष हो भन्न सकिन्छ । प्रारम्भमा वेदको पर्यायका रूपमा ऋग्वेद देखा परे तापनि समग्र वेदलाई चार भागमा विभाजन गरेपछि भने स्वतन्त्र रूपमा ती ती वेदहरूका अङ्ग प्रत्यङ्गहरूको समेत अध्ययन अध्यापन गर्ने परम्परा अद्यावधि छ । विभक्त चार संहितामध्ये ऋक्संहिता सबैभन्दा प्राचीन र ठूलो संहिता हो । इन्द्र, वरुण, विष्णु, अग्नि आदि गरिएका प्राकृतिक वस्तुको र वैदिक याग यज्ञको राम्रो निरूपण यसमा पाइन्छ । अष्टक र मण्डल क्रम गरी दुई भागमा विभाजन गरिएको यस वेदमा अष्टक क्रमअनुसार ६४ अध्याय छन् भने मण्डल क्रमअनुसार १० मण्डल छन् । यसरी समग्र ऋग्वेदमा ८५ अनुवाक र १०२८ सूक्तहरू छन् । यी सूक्तहरूमध्ये पुरुषसूक्त, नासदीयसूक्त, विवाहसूक्त र अक्षसूक्तलगायतका केही सूक्तहरूमा विद्यमान भाषिक संरचनाको अध्ययन प्रस्तुत सन्दर्भमा गरिएको छ । वैदिक प्रातिशाख्यको पाणिनीय व्याकरणसँगको आन्तर्यलाई विवेचना गरिएको छ । विशेष गरी ऋग्वेदको भाषा र पाणिनिको भाषामा तुलना गरी त्यसमा विद्यमान समास, सन्धि, तिङन्त, कृदन्त, तद्धित, स्वर आदिको समानता र पार्थक्यलाई नै प्रस्तुत अनुसन्धानमा स्पष्ट पारिएको छ । उदाहरणका लागि नासदीय सूक्तको पहिलो सूक्त-*

***"नासदासीन्नो सदासीत्तदानीं नासीद्रजो व्योमा परो यत् ।***
***किमावरीवः कुह कस्य शर्मन्नम्भः किमासीद्गहनं गभीरम् ॥"***

*पाणिनीय व्याकरणअनुसार कस्य शर्मन् यहाँ सप्तम्यन्त शर्मणि हुनुपर्नेमा वेदमा विभक्तिको लोप भएर शर्मन् यस्तो प्रयोग भएको छ । विभक्तिको लोप भए तापनि शेष पदले लोप भएको विभक्तिको अर्थलाई बताउने गर्छ । यही मन्त्रमा लौकिक व्याकरणमा किम् शब्दबाट सप्तम्यर्थमा त्रल् प्रत्यय भए पछि कुत्र बनाइन्छ भने वेदमा त्यही अर्थका लागि हप्रत्यय गरेर कुह बनाइएको छ । यसै गरी पुरुषसूक्तको १२औँ मन्त्रमा पनि मुखम्, बाहू, ऊरू पदहरूमा विभक्तिको लोप भएको छ । यी र यस्तै भाषिक संरचनाको अध्ययन प्रस्तुत अनुसन्धानमा गरिएको छ ।*

***शब्दकुञ्जी -*** *आन्तर्य, इज्या, परिनिष्ठित, प्रातिशाख्य,वाङ्मय*

## विषय परिचय

वेद पौरस्त्य वाङ्मयपरम्पराको आधारस्तम्भ हो । सभ्यताको मूल स्रोत हो । आर्यहरूको ज्ञानको धरोहर हो।समग्र वाङ्मयको आधारशिलाको रूपमा रहेको वैदिक चिन्तन परम्पराको इतिहास सुदीर्घ र व्यवस्थित छ । ज्ञानार्थक विद्धातुमा घञ्प्रत्यय लागेर वेद शब्द निष्पन्न हुन्छ । वेद शब्दले ज्ञान राशि वा ज्ञान सङ्ग्रह भन्ने अर्थ व्यक्त गर्दछ । संस्कृत व्याकरणअनुसार वेद शब्द चारवटा धातुबाट निष्पन्न हुन्छ । विद् सत्तायाम् (दिवादि) रहनु या हुनु, विद् ज्ञाने (अदादि) ज्ञान, विद् विचारणे (रूधादि) चिन्तन, विद्लृ लाभे (तुदादि) प्राप्त गर्नु भनिएको पनि छ **-सत्तायां विद्यते ज्ञाने, वेत्ति विन्ते विचारणे । विन्दति विन्दते प्राप्तौ, श्यन् लुक्श्नम्शेष्विदं क्रमात् ॥** (नेने, सन् २०२०, पृ. ४६०) । ऋक्प्रातिशाख्यमा भनिएको छ- "विद्यन्ते ज्ञायन्ते

लभ्यन्त एभिर्धर्मादिपुरूषार्था इति वेदाः" अर्थात् जसमा धर्म, अर्थ, काम र मोक्ष छ । जसद्वारा धर्म, अर्थ, काम र मोक्ष को बारेमा जानिन्छ वा ज्ञान प्राप्तगर्न सकिन्छ त्यो नै वेद हो। वेद भाष्यकार सायणले पनि भन्नुभएको छ -**"इष्टप्राप्त्यनिष्टपरिहारयोरलौकिकमुपायं यो ग्रन्थो वेदयति, स वेदः इति"** अर्थात् जुन ग्रन्थले इष्ट वस्तुको प्राप्ति र अनिष्ट वस्तुको परिहारको अलौकिक उपाय प्रतिपादन गर्दछ त्यो नै वेद हो। वेदलाई श्रुति, निगम, त्रयी, छन्दस्, आम्नाय, स्वाध्याय आदि नामहरुद्वारा पनि चिनिन्छ । श्रुति परम्परामा सुरक्षित वेदलाई श्रुति पनि भनिन्छ । सार्थक अभिप्रायले युक्त, सुसङ्गत एवं गम्भीर अर्थहरूको प्रतिपादन गर्ने भएकाले वेदलाई निगम पनि भनिन्छ । मीमांसाशास्त्रअनुसार वेदको लागि त्रयी शब्दको प्रयोगले गर्दा तीन प्रकारको रचनाधारमा यसको रचना भएको भन्न सकिन्छ । पद्यमयरचनाको धारालाई ऋक् भनिन्छ । गद्यात्मक रचना यजुः हो भने गीतात्मक रचनाको भाग साम हो । **"अधीती चतुर्षु आम्नायेषु"** भन्दै दशकुमारचरितमा दण्डीले वेदलाई आम्नाय भनेका छन् । शतपथ ब्राह्मणमा वेदलाई स्वाध्याय भनेर चिनाइएको छ । **"स्वाध्यायोऽध्येतव्यः"** इति ।

वेद सबै ज्ञानहरूको खानी हो । सुख शान्तिको प्रतिपादक हो । पौरस्त्य वाङ्मयको आधार स्तम्भ पनि हो। दर्शन, राजनीति, मनोविज्ञान, आयुर्वेद, गणित, रसायनशास्त्र, वनस्पतिविज्ञान, पदार्थविज्ञान, भूगर्भविज्ञान, नाटक, काव्य, कामशास्त्र, ललितकला आदि विविध विषयहरूको प्रतिपादन वेदले गर्दछ । राष्ट्रियता, विश्वबन्धुत्वको उद्घोष, परोपकार, सत्कर्म, मातापिता, देवता र अतिथि सत्कार, शिल्पशास्त्र, अर्थशास्त्र, राजनीतिविज्ञान, विश्वको प्राचीन इतिहास यी सबै वेदका प्रतिपाद्य विषयहरू हुन् । वेदको वैशिष्ट्यलाई धेरै विद्वान्हरूले परिभाषित गर्ने प्रयास गरेका छन् ।

मनु - **वेदोऽखिलो धर्ममूलम्, यः कश्चित्कस्यचिद्धर्मो मनुना परिकीर्तितः। स सर्वोऽभिहितो वेद सर्वज्ञानमयो हि सः ॥** (शास्त्री, २०७५, पृ. ३७) ।

पतञ्जलि - **ब्राह्मणेन निष्कारणो धर्मःषडङ्गो वेदोऽध्येयो ज्ञेयश्च ।** (त्रिपाठी, सन् २०१७, पृ.२५) । **धर्मं जिज्ञासमानां प्रमाणं परमं श्रुतिः । प्रत्यक्षेणानुमित्या वा यस्तूपायो न विद्यते । एनं विदन्ति वेदेन तस्माद्वेदस्य वेदता ।**

शतपथ ब्राह्मण- **यावन्तं ह वा इमां पृथिवीं वित्तेन पूर्णां ददल्लोकं जयति, त्रिस्तावन्तं जयति, भूयांसं चाक्षचयम्, य एवं विद्वान् अहरहः स्वाध्यायमधीते । तस्मात् स्वाध्यायोऽध्येतव्यः।**

वेदको रचना कहिले भयो भन्ने सन्दर्भमा युरोपेली विद्वान्हरूले भाषाको अध्ययन गर्ने सन्दर्भमा ऋग्वेद आजभन्दा ४००० वर्ष अगाडि रचना भएको स्वीकार गर्दछन् । पौरस्त्य वाङ्मयमा वेदलाई कुनै व्यक्ति विशेषको रचना नभएर यो त अपौरूषेय हो भन्नेको समूह पनि ठूलो छ । वैदिक ऋचाहरूको अनुशीलन, ज्योतिषशास्त्र, प्रचीन शिलालेखहरू, प्राचीन बौद्ध साहित्य आदिको परिशीलन गर्दै गर्दा वेदको रचना कालको निर्धारणमा विद्वान्हरूको मतैक्य देखिँदैन । केही पौरस्त्य एवम् पाश्चात्य विद्वान्हरूको वेद रचना सम्बन्धी अवधारणालाई यसरी प्रस्तुत गरिन्छ :

स्वामी दयानन्द - वैदिक मन्त्रहरूको आधारमा सृष्टिको प्रारम्भमा वेदको रचना भएको,
दीननाथशास्त्रीचुलेट - ज्योतिषशास्त्रका अधारमा तीन लाख वर्षपूर्व,
अविनाशचन्द्रदास - भूगर्भशास्त्रका आधारमा ई पू २५००० वर्षपूर्व,

डा. आर जी भण्डारकर -  वेदमन्त्रका आधारमा ई पू ६००० वर्षपूर्व,
एच्. याकोबी- ज्यातिषको आधारमा ई पू ४५०० - २५०० वर्षपूर्व,
विण्टर्‌निज् - मितानीशिलालेखका आधारमा ई पू २५०० वर्षपूर्व,
म्याक्समूलर - बौद्धसाहित्यका आधारमा ई पू १२०० वर्षपूर्व । (दास, सन् २०१४, पृ. ६)

विभिन्न विद्वान्‌हरूले आ-आफ्ना तरिकाले भिन्न भिन्न आधारमा वेदको रचनाकालको निर्क्योल गर्ने प्रयास गरे तापनि यी सबै अनुमेय हुन् । वेदको रचना काललाई यही नै हो भनेर भन्न सकिने अवस्था छैन तापनि स्वामी दयानन्दको अभिमतलाई धेरै विद्वान्‌हरूले आत्मसात् गरेको पाइन्छ ।

संहिता र ब्राह्मणग्रन्थलाई पनि वैदिक वाङ्मयमा समावेश गर्ने गरिन्छ **"मन्त्रब्राह्मणयोर्वेदनामधेयः"**। सामान्यतया वेद भन्नाले ऋक्, यजुः, साम र अथर्व यी चारलाई बुझिए तापनि वैदिक साहित्य भण्डार व्यापक र विस्तृत छ। वेदको व्याख्या गरिएका ब्राÿण ग्रन्थहरू प्रशस्त छन्‌जसमा वैदिक कर्मकाण्डको वेदमा रहेका आध्यात्मिक एवम् भौतिक पक्षहरूको विशद चर्चा परिचर्चा भएको छ। वेदको परिशिष्ट भागका रूपमा आरण्यक ग्रन्थहरू रहेका छन्,  जसमा आध्यात्मिक विद्याको चरमोत्कर्ष उपलब्ध हुन्छ। यदि वेदरूपवृक्षका ब्राह्मण ग्रन्थहरू शाखा हुन् भने आरण्यक ग्रन्थहरू त्यस शाखाका पुष्पित भएका फूलहरू हुन् अनि उपनिषद्‌हरू भने ती फूलका सुगन्ध हुन्। यसरी वैदिक साहित्य भन्नाले समग्र मन्त्र, ब्राह्मण, आरण्यक अनि उपनिषद्‌को सङ्ग्रहलाई बुझिन्छ। यसका अतिरिक्त पनि शिक्षा, कल्प, व्याकरण, निरूक्त छन्द ज्योतिषजस्ता वेदका षडङ्ग र आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद र स्थापत्य वेद गरी चार उपवेदहरू पनि वैदिक वाङ्मयका अनुपम ग्रन्थरत्नहरू हुन् । (दास, सन् २०१४, पृ. ६)

मन्त्रहरूको समूहलाई संहिता भनिन्छ । वेदको रक्षा एवम् पाठक्रमलाई व्यवस्थित बनाउनका लागि आठ विकृतिहरूको चर्चा पाइन्छ। विकृति भनेको वेद पाठ पारायणको शैली हो । परम्परा र गुरु अनुसार यो भिन्न-भिन्न हुन सक्छ। **जटा माला शिखा रेखा ध्वजो दण्डो रथो घनः। अष्टौ विकृतयः प्रोक्ताः क्रमपूर्वा महर्षिभिः ॥** (दास, सन् २०१४, पृ. ६) । यिनका अतिरिक्त संहितापाठ, पदपाठ, क्रमपाठ गरी तीन वटा पाठहरू पनि प्रसिद्ध छन् । सामान्यतया जहाँ मन्त्रहरूका पदहरू छुट्याएर पाठ गरिन्छ त्यो पद पाठ हो । जहाँ पदसन्धि गरेर पाठ गरिन्छ त्यो संहिता पाठ हो । संहिता भन्नाले मूलमन्त्रलाई नै बुझ्नु पर्दछ । वैदिक वाङ्मयमा चार संहिताहरू प्रसिद्ध छन्: ऋक्‌संहिता, यजुस्संहिता, सामसंहिता, अथर्वसंहिता। संहिता भनेको वेद नै हो । भागवतमा यी संहिताको बारेमा चर्चा पाइन्छ- **ऋग्यजुस्सामाथर्वाख्यान् वेदान् पूर्वादिभिर्मुखैः। शस्त्रमिज्यां स्तुतिस्तोमं प्रायश्चित्तं व्यधात् क्रमात् ॥**

(भागवत)अर्थात् ऋग्वेदको विषय शस्त्र हो। शस्त्र भन्नाले अप्रगीतमन्त्रसाध्या स्तुतिः अर्थात् गानबिना उच्चारण हुने ऋचाको समूहलाई शस्त्र भनिन्छ । यजुर्वेदको विषय इज्या अर्थात् यज्ञकर्म हो । स्तुति सामवेदको विषय हो भने प्रायश्चित्त अथर्ववेदको विषय हो। कसै कसैले ऋग्वेदको सृष्टि अग्निबाट, यजुर्वेदको सृष्टि वायुबाट अनि सामवेदको सृष्टि सूर्यबाट भएको उद्‌घोष गर्दछन् । यजुर्वेदको मन्त्र "ऋचं वाचं प्रपद्ये, मनो यजुः प्रपद्ये, साम प्राणं प्रपद्ये" यो नियाल्दा ऋग्वेद वाक्तत्त्वको यजुर्वेदले मन तत्त्वको अनि सामवेदले प्राणतत्त्वको सङ्ग्रह गर्छन् भन्न सकिन्छ ।

ऋग्वेदलाई दुई प्रकारले विभाजन गरिन्छ । १) अष्टकक्रम, २) मण्डलक्रम । अष्टकक्रम अनुसार समग्रग्रन्थ आठ अष्टकमा विभाजित छ । प्रत्येक अष्टकमा ८ अध्याय छन् । सबै मिलाएर हेर्दा जम्मा ६४ अध्याय यसमा छन् । मण्डलक्रम अनुसार सम्पूर्ण ग्रन्थ १० भागमा विभाजित भएको छ । त्यसैले ऋग्वेदलाई दशतयी पनि भनिन्छ । यसको प्रमुख पतिपाद्य विषयलाई शस्त्रम् भनिन्छ । शस्त्र भन्नाले गान रहित देवताको स्तुतिपरक मन्त्रलाई बुझिन्छ । ऋग्वेदमा विशेष गरी अग्न्यादि देवताको स्तुति गरिएको छ । यशप्राप्तिको लागि, श्रीप्राप्तिको लागि, विद्योपार्जनका लागि, नैतिक विकासका लागि, शारीरिक विकासका लागि मानसिक सन्तृप्तिका लागि उपायहरूको वर्णन यसमा पाइन्छ । अग्नि देवता सम्बन्धी सबैभन्दा बढी चर्चा गरिएको छ । विशेष गरी ऋग्वेदमा आठ संवादहरू प्रसिद्ध छन् । ती हुन् पुरुरवा ऊर्वशीसंवाद, यमयमीसंवाद, सरमापाणिसंवाद, विश्वामित्रनदीसंवाद, इन्द्रमरूत् संवाद, अगस्त्यलोपामुद्रासंवाद, वशिष्ठसुदाससंवाद, इन्द्र-इन्द्राणी-वृषाकपिसंवाद। वैदिक परम्परालाई अक्षुण्ण राख्नका लागि तथा याज्ञिक कार्यहरूलाई कुशल सम्पादन गर्नका लागि महर्षि वेदव्यासले आफ्ना शिष्य पैललाई ऋग्वेद, जैमिनिलाई सामवेद, वैशम्पायनलाई यजुर्वेद र सुमन्तुलाई अथर्ववेदको अध्ययन गराएको पाइन्छ । **तत्रार्ग्वेदधरः पैलस्सामगो जैमिनिः कविः, वैशम्पायन एकैको निष्णातो यजुषामुत, अथर्वाङ्गिरसामासीत्सुमन्तुर्दारूणो मुनिः** (भागवत १/४/२१) । यी आचार्यहरूले पुनः आफ्ना शिष्यहरूलाई संहिताको अध्यापन गराए जसको प्रतिफल वैदिक वाङ्मयमा अनन्त शाखामा पुष्पित हुन पुग्दछन् । ऋग्वेदका २१ शाखा रहेको कुरा भगवान् पतञ्जलिले महाभाष्यमा बताएका छन् । "एकविंशतिधा बाह्वृच्यम्" (त्रिपाठी, सन् २०१७, पृ. १०७) वर्तमान समयमा ऋग्वेदका शाकल, वाष्कल, आश्वालयन, शाङ्खायन र मण्डुकायन गरेका पाँच शाखा प्रचलित र प्रसिद्ध छन् । समग्रमा ऋक्संहिताको अध्ययनसँग जोडिएर त्यसका कतिपय सूक्तहरूमा भाषिक संरचनको अध्ययन यसमा गरिएको छ । वैदिक भाषा लौकिक भाषा भन्दा भिन्न र विशिष्ट छ । वेदको भाषिक संरचना र व्याकरण लौकिक भन्दा भिन्न नै छ । यसै सन्दर्भमा ऋग्वेदका कतिपय सूक्तहरूमा आबद्ध भएर व्याकरणगत वैशिष्ट्य यसमा केलाइएको छ ।

## अध्ययन विधि

विशेष गरी वैदिक भाषा र लौकिक भाषाको तुलना गरी भाषिक समानता र भिन्नताको निर्क्योल प्रस्तुत अनुसन्धानमा गरिएको छ। अध्ययनको सन्दर्भमा तुलनात्मक विधिको अवलम्बन गरिएको छ भने पुस्तकालयको प्रयोगसँगै विषय विज्ञहरूको यथोचित सहयोग लिएर यो लेख तयार गरिएको छ । सैद्धान्तिक पर्याधारका रूपमा पाणिनीय सूत्रलाई विशेष रूपमा प्रयोग गरिएको छ र तिनै सूत्रमा आधारमा यस अध्ययनले पूर्णता पाएको छ ।

## विषय निरूपण

वैदिक वाङमयअन्तर्गत ऋक्संहितासँग आबद्ध भएर समग्र भाषाको अध्ययन गर्ने सन्दर्भमा लौकिक व्याकरणसँग वैदिक व्याकरणको अन्तरसम्बन्ध समानता र भिन्नतालाई कतिपय सूक्तका माध्यमबाट सोदाहरण यहाँ प्रस्तुत गरिएको छ । विशेष गरी अक्षसूक्त, विवाहसूक्त, पुरुषसूक्त, नासदीय सूक्तलगायतका केही सूक्तहरूमा विद्यमान भाषिक संरचनाको यथातथ्य विश्लेषण गरिएको छ ।

**अक्षसूक्त**

ऋग्वेदको १०औँ मण्डलको ३४औँ सूक्त अक्षसूक्त हो । यस सूक्तका १४ ऋचाहरू छन् । यसमा७औँ मन्त्र जगती छन्दमा र बाँकी १३ मन्त्रहरू त्रिष्टुप् छन्दमा संरचित छन् । यसका केही भाषिक संरचनको अध्ययन यसरी गरिन्छ :

यस अक्षसूक्तको चतुर्थ मन्त्र "अन्ये जायां परि मृशन्त्यस्य यस्यागृधद्वेदने वाज्यक्षः । पिता माता भ्रातर एनमाहुर्न जानीमो **नयता** बद्धमेतत् ॥" यहाँ 'नी' धातुबाट लोटलकार मध्यम पुरुषको बहुवचनमा लौकिक व्याकरणअनुसार नयत रूपसिद्ध हुन्छ तर वेदमा "ऋचि तुनुघमक्षुतङ्कुत्रोरुष्याणाम्" यो सूत्रद्वारा दीर्घ भएर नयता शब्द सिद्ध हुन्छ । लौकिक - नयत, वैदिक - नयता ।

पाँचौ सूक्त "यदादीध्ये न दविषाण्येभिः परायभ्द्योऽव हीये सखिभ्यः । न्युप्ताश्च बभ्रवो वाच**मक्रत**...।" यहाँ कृधातुदेखि लुङ् प्रथम पुरुषको बहुवचन झप्रत्यय र त्यसको स्थानमा अत आदेश हुँदा अक्रत रूप सिद्ध हुन्छ । यहाँ शप्लाई बाँधेर च्लि भएको हो र त्यसको वेदमा "मन्त्रे घसह्वरणशवृदहाद्वृच्क्कृगमिजनिभ्यो लेः" यो सूत्रले लुक् र यण् = अक्रत । लोकमा च्लिको सिजादेश भएर अकृषत बन्दछ । लौकिक -अकृषत, वैदिक - अक्रत ।

छैठौँ सूक्त "सभामेति कितवः पृच्छामानो जेष्यामीति तन्वा **शूशुजानः** । अक्षासो अस्य वि तिरन्ति कामं प्रतिदीव्ने दधत आ कृतानि ॥" यहाँ शुज् धातुबाट लिट् र कानच् प्रत्यय अनि द्वित्व र अभ्यासादि कार्य र शुशुजान यहाँ "तुजादीनां दीर्घोऽभ्यासस्य" ले अभ्यासको दीर्घ हुँदा शूशुजानः शब्दको निष्पत्ति हुन्छ । लौकिक व्याकरण अनुसार शुशुजानः शब्द बन्छ ।

यसै मन्त्रमा "सभामेति कितवः पृच्छामानो जेष्यामीति तन्वा शूशुजानः । **अक्षासो** अस्य वि तिरन्ति कामं प्रतिदीव्ने दधत आ कृतानि ॥" अक्षासः यहाँ अक्षशब्दबाट जस्, अक्ष अस् यहाँ वैदिक प्रक्रियाअनुसार "आज्जसेरसुक्" यो सूत्रले असुक् अक्ष अस् अस् सवर्णदीर्घे अक्षासः शब्द बन्दछ । लौकिक व्याकरणअनुसार अक्षाः शब्दको निष्पत्ति हुन्छ ।

**विवाहसूक्त**

ऋग्वेदको १०औँ मण्डलको ८५औँ सूक्तविवाहसूक्त हो । यस सूक्तमा ४७ ऋचाहरू छन् । यो सूक्त केही त्रिष्टुप्, केही उरोबृहती, केही जगती र केही अनुष्टुप् गरी छन्दगत विविधताले भरिपूर्ण छ । यसमा विद्यमान केही भाषिक संरचनाको नमुना यहाँ प्रस्तुत गरिएको छ ।

विवाह सूक्तको तृतीय ऋचा "सोमं मन्यते **पपिवान्** यत्संपिंषन्त्योषधिम् । सोमं ब्राह्मणो विदुर्न तस्याश्नाति कश्चन ॥" यहाँ पपिवान् शब्दको प्रयोग भएकोछ ।यसको सिद्धि प्रक्रिया हेर्दा पाधातुबाट लिट् लकारमा वेदमा क्वसुश्च सूत्रद्वारा क्वसुप्रत्यय भएपछि इडागम र द्वित्वादि कार्य भएर पपिवान् शब्द सिद्ध हुन्छलौकिक व्याकरण अनुसार पपौ रूप सिद्ध हुन्छ ।

नवौँ मन्त्र "सोमो वधूयुरभवदश्विनास्**तामुभा वारा** । सूर्यां यत्पत्ये शंसतीं मनसा सवितादददात् ॥" यहाँ उभा, वरा यी दुई शब्दको प्रयोग भएको छ । उभ र वर शब्दबाट औ विभक्ति हुँदा उभौ, वरौ हुनुपर्ने तर वेदको

विषयमा प्सुपां सुलुक्... सूत्रद्वारा इति औविभक्तिका स्थानमा आ आदेश भएर उभा र वरा यी दुई शब्द सिद्ध हुन्छन् । लौकिक व्याकरणअनुसार उभौ, वरौ शब्द बन्दछन् । यसै मन्त्रमा अश्विना - अश्विनौ ।

चौधौँ मन्त्र "य**दश्विना** पृच्छमानावयातं त्रिचक्रेण वहतुं सूर्यायाः । विश्वे देवा अनु तद्वामजानन् पुत्रः पितराववृणीत पूषा ॥" यहाँ अश्विना शब्दको प्रयोग भएको छ ।अश्विन शब्दबाट औ विभक्ति हुँदा अश्विनौ हुनुपर्ने तर वेदको विषयमा प्सुपां सुलुक्... सूत्रद्वारा इति औविभक्तिका स्थानमा आ आदेश भएर अश्विना शब्द सिद्ध हुन्छ ।लौकिक व्याकरणअनुसार अश्विनौ शब्द बन्दछ ।

यसै "यदश्विना पृच्छमानावयातं त्रिचक्रेण वहतुं सूर्यायाः । विश्वे देवा**अनु तद्वामजानन्** पुत्रः पितराववृणीत पूषा ॥" समान्यतया उपसर्गहरूको क्रियाको साथमा अव्यवहित रूपमा योग हुन्छ तर वेदमा अन्य शब्दहरूको व्यवधान हुँदा पनि उपसर्गको प्रयोग हुन्छ । त्यसको विधान व्यवहिताश्च सूत्रले गर्दछ । जस्तै यहाँ विश्वे देवा अनु तद्वामजानन् तद् ले व्यवधान हुँदा पनि उपसर्गको योग भएको छ ।लौकिक व्याकरणअनुसार अन्वजानन् शब्द सिद्ध हुन्छ ।

सत्रौँ मन्त्र "सूर्यायै देवेभ्यो मित्राय वरुणाय च । ये भूतेस्य प्रचेतस इदं ते**भ्योऽकरं** नमः ॥" यहाँ कृधातुबाटलुङ् लकार उत्तम पुरुषको एकवचनमा तिबादिकार्य गर्दा अ कृ अम् यहाँ च्लिका स्थानमा प्राप्त सिजादेशलाई निषेध गरेर वेदका विषयमा 'कृमृदृरुहिभ्यश्छन्दसि' सूत्रद्वारा अङादेश हुँदा अकरम् शब्द सिद्धहुन्छभने लौकिक व्याकरणअनुसार अकार्षम् शब्द सिद्धहुन्छ ।

**पुरुषसूक्त**

ऋक्संहिताको १०औँ मण्डलको ९०औँ सूक्त पुरुषसूक्त हो । सहस्रशीर्षा आदि गरिएका १६ ऋचाहरू यसमा छन् । यसका ऋषि नारायण हुन् । यस सूक्तमा अगाडिका १५ ऋचाहरू अनुष्टुप् छन्दमा र अन्तिम ऋचा त्रिष्टुप् छन्दमा संरचित छ ।

प्रथम ऋचा "सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात् । स भूमिं विश्वतो वृत्वात्यतिष्ठद्दशाङ्गुलम् ॥" यहाँ लौकिक व्याकरण अनुसार प्रथमाको एकवचनमा शिरस् शब्दबाट शिराः शब्द निष्पन्न हुन्छ भने वैदिक व्याकरण अनुसार शीर्षंश्छन्दसि सूत्रले शीर्षन् आदेश भएर प्रथममा शीर्षा शब्दको निष्पत्ति हुन्छ । शब्दगत संरचनामा भिन्नता भए तापनि अर्थमा भिन्नता भने पाइँदैन । लोक - शिराः, वेद - शीर्षा

तेस्रो ऋचा "एतावानस्य महिमातो ज्यायाँश्च पूरुषः पादोऽस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवि ॥" यहाँ विश्व शब्द भूतानिको विशेषण भएको हुनाले विश्वानि हुनुपर्ने वेदमा विश्वा शब्दको प्रयोग भएको छ । विश्व शब्दबाट प्रथमाको बहुवचन जस् प्रत्यय र त्यसका ठाँउमा जश्शसो शिसूत्रले शि आदेश गरे पछि शेश्छन्दसि बहुलम् ले शिको लुक् हुन्छ र प्रत्ययलक्षणद्वारा नुम् र नान्तोपधाको दीर्घ, नलोप भएर विश्वा शब्दको निष्पत्ति हुन्छ । लोक - विश्वानि, वेद - विश्वा ।

आठौँ ऋचा "तस्माद्यज्ञात्सर्वहुतः **सम्भृतं** पृषदाज्यम् । पशून् ताँश्चक्रे वायव्यनारण्यान् ग्राम्याश्च ये ॥" यहाँ सम्भृतम् शब्द लौकिक व्याकरण अनुसार सम् उपसर्ग पूर्वक हृधातुबाट क्तप्रत्यय लागे पछि सम्हृतम्

शब्द सिद्ध हुन्छ तर वैदिक व्याकरणअनुसार हृधातुको ठाँउमा “हृग्रहोर्भश्छन्दसि” सूत्रले हृधातुको हका स्थानमा भ आदेश भएर सम्भृतम् (सम्पादितम्) शब्द सिद्ध हुन्छ । लोक - सम्हृतम्, वेद - सम्भृतम् ।

पुरुषसूक्तको १०औँ ऋचा “तस्मादश्वा अजायन्त ये के **चोभयादतः** । गावो ह जज्ञिरे तस्मात् तस्माज्जाता अजायत ॥” यहाँ उभये दन्ताः येषां ते इति उभयदन्त शब्दमा दत् आदेश भएसँगै लोकमा प्रथमाको बहुवचनमा उयभदतः शब्द निष्पन्न हुन्छ भने वेदमा पूर्वपदमा दीर्घ हुँदा उभयादतः सिद्ध हुन्छ । लोक - उभयदतः, वेद - उभयादतः ।

यसै पुरुषसूक्तको १४औँ ऋचा “नाभ्या आसीदन्तरिक्षं **शीर्ष्णो** द्यौः समवर्तत । पद्भ्यां भूमिर्दिशः श्रोत्रात्तथा लोकाँ अकल्पयन् ॥” यहाँ लौकिक व्याकरण अनुसार शिरसः शब्द निष्पन्न हुन्छ । यहाँ  शिरस् शब्दबाट पञ्चमीमा शिरसः बन्ने भए तापनि वेदमा शीर्षन् आदेश भएसँगै शीर्ष्ण शब्दको निष्पत्ति हुन्छ । शिरस् शब्दका स्थानमा शीर्षंश्छन्दसि सूत्रले शीर्षन् आदेश भएर विभक्ति कार्यसँगै शीर्ष्णः शब्दको निष्पत्ति हुन्छ । लोक - शिरसः, वेद - शीर्ष्णः ।

### नासदीयसूक्त

ऋक्संहिताको १०औँ मण्डलको १२९औँ सूक्त नासदीयसूक्त हो । नासदासीन्नो सदासीत् गरिएका ७ ऋचाहरू यस सूक्तमा विद्यमान छन् । यस सूक्तका ऋषि प्रजापति हुन् । आकाशादि तत्त्वहरूको सृष्टि, स्थिति र प्रलय आदिको राम्रो निरूपण यस सूक्तमा गरिएको छ ।

नासदीय सूक्तको पहिलो मन्त्र “नासदासीन्नो सदासीत्तदानीं नासीद्रजो व्योमा परो यत्किमावरीवः **कुह** कस्य**शर्मन्न**म्भः किमासीद्गहनं गभीरम् ।” यहाँ कुह शब्दको प्रयोग भएको छ । किम् शब्दबाट वेदमा सप्तमीको अर्थमा वा हच्छन्दसि सूत्रले ह प्रत्यय र कु तिहो सूत्रले कु आदेश भए पछि कुह शब्दको निष्पत्ति हुन्छ । लौकिक व्याकरणअनुसार त्रल् प्रत्यय लागेर कुत्र अथवा क्व शब्दहरू निष्पन्न हुन्छन् ।

द्वितीय मन्त्र “न मृत्युरासीदमृतं न तर्हि न रात्र्या अह्न आसीत्प्रकेतः । आनीदवातं स्वधया तदेकं तस्माद्धान्यन्न परः किं **चनास** ॥” यहाँ अस्धातुबाट लिट्लकार प्रथम पुरुषको एकवचनमा तिबादिकार्य “अस्तेर्भूः” सूत्रद्वारा हुँदा भू आदेश भएर बभूव रूपको सिद्धि हुन्छ । वैदिक व्याकरणअनुसार “छन्दस्युभयथा” सूत्रद्वारा भू आदेश विकल्पले हुँदा आस शब्दको निष्पत्ति हुन्छ । वेद आस, लोक बभूव ।

यसै सूक्तको तेस्रो मन्त्र “तम आसीत्तमसा गूढहमग्रेऽप्रकेतं सलिलं सर्वमा इदम् । तुच्छ्येनाभ्वपिहितं यदासीत्तपसस्तन्महिनाजायतैकम्” यहाँ आः शब्दको प्रयोग भएको छ । उक्त शब्दको निष्पत्ति अस् धातुमा लङ् लकार प्रथम पुरुषको एकवचन तिप्मा च्लेः का स्थानमा सिजादेश गरेपछि अस्तिसिचोले प्राप्त ईडागमको बहुलं छन्दसि सूत्रले निषेध गर्छ र आः शब्द सिद्ध हुन्छ । लौकिक व्याकरणअनुसार आसीत् शब्द बन्दछ ।

चौँथो मन्त्र “कामस्तदग्ने समवर्तताधि मनसो रेतः प्रथमं यदासीत् । सतो बन्धुमसति निरविन्दन् हृदि प्रतीष्या कवयो **मनीषा** ॥” यहाँ मनीषा शब्दबाट आएको तृतीयाको एकवचन टा विभक्तिको वैदिक व्यारकणअनुसार सुपां सुलुक् सूत्रद्वारा लोप भएको हुनाले मनीषा बन्छ भने लौकिक व्यारकणअनुसार मनीषया शब्दको निष्पत्ति हुन्छ ।

सातौँ मन्त्र "इयं विसृष्टिर्यत आबभूव यदि वा दधे यदि वा न । यो अस्याध्यक्षः परमे **व्योमन्**त्सो अङ्ग वेद यदि वा न वेद ॥" यहाँ सप्तमीको एकवचन ङि आउँदा त्यसको सुपां सुलुक् सूत्रद्वारा लोप भएर व्योमन् बन्छ भने लौकिक व्याकरणअनुसार व्याम्नि, व्योमनि दुवै निष्पत्ति हुन्छ ।

## निष्कर्ष

वैदिक वाङ्मयको समग्र अध्ययन गर्ने सन्दर्भमा प्रस्तुत अनुसन्धानमा ऋक्संहिताका कतिपय सूक्तहरूमा आधारित भएर भाषिक संरचनाको अध्ययन गरिएको छ । सामान्य लौकिक भाषाका तुलनामा वेदको भाषा भिन्न र विशिष्ट छ । अष्टक र मण्डल क्रम गरी दुई भागमा विभक्त ऋक्संहितामा अष्टक क्रमअनुसार ६४ अध्याय छन् भने मण्डल क्रमअनुसार १० मण्डल छन् । यसरी समग्र ऋग्वेदमा ८५ अनुवाक र १०२८ सूक्तहरू छन् । यी सूक्तहरूमध्ये पुरुषसूक्त, नासदीयसूक्त, विवाहसूक्त र अक्षसूक्त लगायतका केही सूक्तहरूमा विद्यमान भाषिक संरचनाको अध्ययन प्रस्तुत सन्दर्भमा गरिएको छ । वैदिक प्रातिशाख्यको पाणिनीय व्याकरणसँगको आन्तर्यलाई प्रस्तुत अनुसन्धानमा निर्वचन गरिएको छ । वैदिक व्याकरण र लौकिक व्याकरणका कतिपय सन्दर्भ, पृथकता, सिद्धि प्रक्रिया र सिद्ध रूपलाई समेत यस अध्ययनमा समावेश गरिएको छ ।

## कृतज्ञता ज्ञापन

विशेष गरी यस अनुसन्धानात्मक लेखलाई लेखनका सन्दर्भमा आवश्यक सुझावसहित परामर्श प्रदान गर्नुहुने गुरुहरू एवम् लेखलाई आद्योपान्त सूक्ष्मरूपमा निरीक्षण गर्दै परिस्कारका लागि परामर्श प्रदान गर्नुहुने विज्ञहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

## सन्दर्भग्रन्थसूची

तैत्तिरीयोपनिषद् (२०७२). *गीताप्रेस,* गोरखपुर ।

ईशावास्योपनिषद् (२०७२). *गीताप्रेस,* गोरखपुर ।

ईशादि नौ उपनिषद् (२०७०). *गीताप्रेस,* गोरखपुर ।

गौड, दौलतराम (सन् २०११). *शुक्ल यजुर्वेद संहिता,* वाराणसीः रूपेश ठाकुर प्रसाद प्रकाशन ।

त्रिपाठी, जयशङ्करलाल (सन् २०१७) *व्याकरणमहाभाष्यम्,* वाराणसीः चौखम्बा कृष्णदास अकादमी ।

दास, सोमनाथ (सन् २०१४). *संस्कृत वाङ्मयान्तः प्रवेशिका,* उडिसाः संस्कृत एड्भान्सन्ड् रिसर्च इन्स्टिच्युट ।

नेने, गोपालशास्त्री (सन् २०२०). *वैयाकरणसिद्धान्तकौमुदी,* वाराणसीः चौखम्बा संस्कृत प्रतिष्ठान ।

पाण्डेय, गाविन्द (२०७९). *वेदान्तसार,* देवघाटः श्री हरिहर सन्न्यास आश्रम ।

मिश्र, जगदीशचन्द्र (सन् २०१२). *भारतीयदर्शन,* वाराणसी : चौखम्बा संस्कृत प्रतिष्ठान ।

शर्मा, उमाशंकर (सन् २०१४). *सर्वदर्शनसङ्ग्रह,* वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

शर्मा, गिरिधर (सन् २०११). *वैयारणसिद्धान्तकौमुदी,* वाराणसी : मोतिलाल बनारसीदास ।

शास्त्री, हरगोविन्द (२०७५). *मनुस्मृति,* वाराणसी : चौखम्बा संस्कृत भवन ।